# प्रदेश कृषि विकास ऐन, २०८२

आन्तरिक मामिला त
बागमती प्रदेश

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल।

# प्रदेश कृषि विकास ऐन, २०८२

**<u>प्रमाणीकरण र प्रकाशन मिति</u>**

२०८२।०४।१९

**संवत् २०८२ सालको ऐन नं. ०६**

## <u>प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>

**<u>प्रस्तावनाः</u>** आधुनिकीकरण, विविधीकरण, व्यावसायीकरण, सामूहिकीकरण, औद्योगिकीकरण मार्फत कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्दै रोजगारी सृजना गर्ने र दिगो आर्थिक विकासमा टेवा पुऱ्याई, कृषि क्षेत्रमा प्रवाह हुने सेवा, सुविधा, प्रविधि जस्ता कार्यक्रमलाई न्यायोचित, प्रभावकारी र पारदर्शी रुपबाट सञ्चालन गर्न र कृषि क्षेत्रको विकासलाई सहज, व्यवस्थित र प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,

बागमती प्रदेश सभाले यो ऐन बनाएको छ।

### परिच्छेद- १
### प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "प्रदेश कृषि विकास ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(क) "उत्पादक" भन्नाले व्यक्ति, कृषि समूह, सामूहिक कृषि सहकारी, संघ संस्था र निजी कम्पनीलाई जनाउँछ।

(ख) "कार्यालय" भन्नाले मन्त्रालय मातहत रहेका बोर्ड, निर्देशनालय, कृषि विकास कार्यालय, पशु सेवा कार्यालय, फार्म र प्रयोगशाला केन्द्रलाई सम्झनु पर्छ।

(ग) "किसान" भन्नाले कृषिलाई मुख्य पेशा वा व्यवसाय बनाई त्यसबाट नै आफ्नो जीविकोपार्जन गर्ने व्यक्ति सम्झनु पर्छ। सो शब्दले त्यस्तो व्यक्तिमा आश्रित परिवारका सदस्य वा वर्षको छ महिना वा सोभन्दा बढी अवधि कृषि कार्यमा श्रम गर्ने वा परम्परागत कृषि औजार निर्माण गर्ने व्यक्ति वा त्यस्तो व्यक्तिमा आश्रित परिवारका अन्य सदस्यलाई समेत जनाउँछ।

(घ) "कृषि" भन्नाले बाली, पुष्प खेती, बागवानी, पशुपन्छी, माछा जस्ता कृषिका सबै उप क्षेत्रसँग सम्बद्ध उत्पादन, उद्योग एवं व्यवसायलाई सम्झनु पर्छ।

(ङ) "कृषि व्यवसाय" भन्नाले उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरणसँग जोडिएर गरिने कृषि, पुष्प खेती, बागवानी, पशुपन्छी तथा मत्स्य क्षेत्रको जुनसुकै व्यवसायलाई सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(च) "कृषि सेवा टेवा" भन्नाले मन्त्रालय र मन्त्रालय मातहतका कार्यालयद्वारा विभिन्न बाली, पुष्पखेती, बागवानी, पशुपन्छी तथा मत्स्यजन्य वस्तुको उत्पादन, प्रशोधन, भण्डारण तथा बजारीकरणका लागि उपलब्ध गराउने सहयोगलाई सम्झनु पर्छ।

(छ) "गैर प्राकृतिक प्रकोप" भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु, आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, प्यान्डामिक फ्लू, जनावर आतङ्क, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, वातावरणीय प्रदुषण, वन विनाश वा भौतिक संरचनाको क्षति वा यस्तै गैर प्राकृतिक प्रकोप सम्झनु पर्छ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(झ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(ञ) "प्रदेश सरकार" भन्नाले बागमती प्रदेश सरकार, मन्त्रिपरिषद्लाई सम्झनु पर्छ।

(ट) "प्राकृतिक प्रकोप" भन्नाले हिमपात, डढेलो, असिना, हिमपहिरो, हिमताल विष्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, भूकम्प वा यस्तै अन्य प्राकृतिक प्रकोप सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ठ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।

(ड) "लाभग्राही" भन्नाले मन्त्रालय र मन्त्रालय मातहतका कार्यालयहरुद्वारा उपलब्ध गराइने सुविधा प्राप्त गर्ने व्यक्ति, कृषि समूह, सामूहिक कृषि सहकारी, संघ संस्था र निजी कम्पनी सम्झनु पर्छ।

## परिच्छेद- २

## कृषि व्यवसाय र बजारीकरण सम्बन्धी व्यवस्था

३. **किसान सूचीकरणः** (१) कृषि पेशामा संलग्न प्रदेशभित्रका किसानहरूको सूचीकरण गरी अभिलेख राखिनेछ।

(२) उपदफा (१) बमोजिमको किसान सूचीकरण गरी किसान वर्गिकरण गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

४. **कृषि व्यवसाय सञ्चालन गर्न सक्नेः** कुनै पनि व्यक्ति वा संस्थाले प्रदेशभित्र अनुसूची-१ मा उल्लेख भए बमोजिमको कृषि व्यवसाय सञ्चालन गर्न सक्नेछ।

५. **व्यवसाय सूचीकृत हुनु पर्नेः** (१) प्रचलित कानुन बमोजिम दर्ता भएका कृषि व्यवसायहरू मन्त्रालयले सम्बन्धित जिल्ला स्थित तोकेको कार्यालयमा सूचीकृत हुनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु अघि प्रदेशभित्र सञ्चालनमा रहेका कृषि व्यवसायहरूको हकमा यो ऐन प्रारम्भ भएको छ महिनाको अवधिभित्र सूचीकृत हुनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

६. **<u>अनुमतिपत्र लिनु पर्ने:</u>** (१) दफा ५ बमोजिम सूचीकृत भएका कृषि व्यवसाय वा संस्थाले कृषि उपजको खरिद बिक्री गर्न अनुसूची-२ बमोजिमको निकायबाट अनुमतिपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमति प्राप्त व्यक्ति वा संस्थाले प्रदेशको प्रचलित आर्थिक ऐनले तोके बमोजिम कृषि आय कर तोकिएको निकायमा बुझाउनु पर्नेछ।

७. **<u>अनुमतिपत्रको वर्गीकरण, दर्ता दस्तुर र नवीकरण:</u>** (१) दफा ६ बमोजिम प्रदान गरिने अनुमतिपत्रको दर्ता र नवीकरण दस्तुर अनुसूची-३ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिने अनुमतिपत्रको अवधि पाँच वर्षको हुनेछ।

(३) उपदफा (२) बमोजिमको अवधि समाप्त भएको मितिले पैंतिस दिनभित्र सम्बन्धित निकायबाट नवीकरण गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अवधि नाघेमा नब्बे दिनको अवधिभित्र तोकिएको दस्तुर तिरी नवीकरण गर्नु पर्नेछ।

८. **<u>अनुमतिपत्र रद्द गर्न सक्ने:</u>** (१) अनुमतिपत्र प्राप्त संस्थाले दफा ७ को उपदफा (४) बमोजिमको अवधिभित्र अनुमतिपत्र नवीकरण नगराएमा मन्त्रालयले त्यस्तो अनुमतिपत्र रद्द गर्नेछ।

(२) कसैले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम र दफा ६ बमोजिमको अनुमतिपत्रमा उल्लिखित शर्त उल्लङ्घन गरेमा मन्त्रालयले त्यस्तो अनुमतिपत्र जुनसुकै बखत रद्द गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र रद्द गर्दा सफाइको मौका दिनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

९. **न्यूनतम समर्थन मूल्य तोक्नु पर्ने:** (१) प्रदेश सरकारले प्रदेशभित्र उत्पादन तथा बिक्री वितरण हुने कृषि उपजको न्यूनतम समर्थन मूल्य तोक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम न्यूनतम समर्थन मूल्य तोकिएको कृषि उपज खरिद बिक्री गर्नु सबैको कर्तव्य हुनेछ।

(३) यस ऐन बमोजिम सूचीकृत भएका किसान व्यवसाय वा संस्थाद्वारा उत्पादित कृषि उपज बिक्री वितरण हुन नसकेको खण्डमा प्रदेश सरकारले खरिद बिक्री लगायत बजारीकरणको लागि आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

१०. **मूल्य सूची टाँस गर्नु पर्ने:** विक्रेताले आफूले बिक्री वितरण गर्ने कृषि उपजको मूल्य सूची सहितको विवरण सबैले देख्ने स्थानमा टाँस गर्नु पर्नेछ।

## परिच्छेद- ३
## उत्पादन र उत्पादकत्व अभिवृद्धि सम्बन्धी

११. **प्राङ्गारिक मलको उत्पादन सम्बन्धी:** (१) प्रदेशमा वार्षिक पाँच सय मेट्रिक टन वा सोभन्दा बढी परिमाणमा प्राङ्गारिक मल तथा जीवाणु मल उत्पादन गर्ने उत्पादकले सूचीकरण गरेर बिक्री वितरण गर्न पाउनेछ।

(२) उपदफा (१) बमोजिम गरिने सूचीकरण, मलको गुणस्तर र मापदण्ड, मूल्य र बिक्री वितरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

१२. **प्रदेश सरकारले मल कारखाना खोल्न सक्ने**: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले निर्णय गरी आवश्यक संख्यामा प्राङ्गारिक मल कारखाना स्थापना गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कारखानाको स्थापना, सञ्चालन, उत्पादित मलको बिक्री वितरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३. **उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमः** (१) मन्त्रालय र मातहतको निकायबाट कृषि उत्पादनमा आधारित रही प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम सञ्चालन गर्नका लागि प्रदेश सरकारले कृषि उत्पादनको सम्भावना समेतका आधारमा प्रदेश अन्तर्गतको कुनै क्षेत्रलाई कृषि पकेट क्षेत्र घोषणा गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम घोषित कृषि पकेट क्षेत्रमा सञ्चालन गरिने प्रोत्साहन कार्यक्रमको आधार र मापदण्ड सम्बन्धी कार्यविधि मन्त्रालयले तयार गरी लागू गर्नेछ।

१४. **कृषिमा सेवा टेवा**: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्यालयले कृषि उपजको उत्पादन, भण्डारण, प्रशोधन, बजारीकरण र निर्यात प्रवर्धनमा सहयोग गर्न सेवा टेवा उपलब्ध गराउनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) उपदफा (१) बमोजिम प्रदान गरिने सेवा टेवाको प्रकृति, बजेटको सीमा तथा मापदण्ड तोकिए बमोजिम हुनेछ।

१५. **<u>बीउ पूँजी उपलब्ध गराउन सकिनेः</u>** (१) कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न कार्यालयले यस ऐन बमोजिम सूचीकृत किसानहरुलाई बीउ पूँजी उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइने बीउ पूँजी सम्बन्धी कार्यक्रमलाई छिटो, छरितो एवं प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि मन्त्रालयले कार्यविधि र मापदण्ड तयार गरी लागू गर्नु पर्नेछ।

१६. **<u>रैथाने बालीको संरक्षण र प्रवर्धन गर्नु पर्नेः</u>** (१) प्रदेशमा उत्पादन हुने रैथाने बालीको अभिलेखिकरण र सोको सूची तयार गरी रैथाने बालीको संरक्षण तथा प्रवर्धन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्नका लागि प्रदेश सरकारले रैथाने बाली उत्पादन हुने र उत्पादनको सम्भावना भएका पकेट क्षेत्रको विकास गर्ने, रैथाने बाली उत्पादनमा संलग्न कृषकलाई विशेष अनुदान उपलब्ध गराउने जस्ता संरक्षणात्मक र प्रवर्धनात्मक कार्यक्रम सञ्चालन गर्नेछ।

(३) उपदफा (२) बमोजिम सञ्चालन गरिने कार्यक्रमको कार्यविधि मन्त्रालयले तयार गरी लागू गर्नेछ।

१७. **<u>क्षतिपूर्ति प्रदान गर्नु पर्नेः</u>** (१) प्राकृतिक तथा गैर प्राकृतिक प्रकोपबाट कृषिमा पुग्न जाने क्षति बापत सम्बन्धित कृषकलाई उचित क्षतिपूर्ति प्रदान गर्नु पर्नेछ र यसको लागि सम्बन्धित स्थानीय वडाको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

सिफारिसमा जिल्ला स्थित कृषि सम्बन्धी कार्य हेर्ने कार्यालयले गरेको सिफारिसको आधारमा गरिनेछ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिने क्षतिपूर्ति सम्बन्धी मापदण्ड प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद- ४

## गुणस्तरको नियमन र नियन्त्रण

१८. **कृषि उपजको नियमनः** (१) मन्त्रालयले कृषि उपजको गुणस्तर कायम गर्न उत्पादन देखि बजारीकरणसम्मको अवधिलाई सूक्ष्म रूपमा निगरानी गर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने निगरानीका लागि गुणस्तर र असल कृषि अभ्यासको प्रोत्साहन, पशुपन्छी पालन सम्बन्धी असल अभ्यासमा प्रोत्साहन, विषादी अवशेष परीक्षण जस्ता विधि अवलम्बन गरिनेछ।

(३) उपदफा (२) बमोजिम अन्य विधि तोकिए बमोजिम हुनेछ।

१९. **विषादी तथा औषधिको नियमनः** (१) बालीनालीमा लाग्ने रोग कीरा नियन्त्रणको लागि प्रयोग हुने विषादीको उत्पादन, गुणस्तर, प्रयोग र बजारीकरणको नियमन गरिनेछ।

(२) पशुपन्छीमा प्रयोग हुँदै आएको औषधी सप्लिमेण्टको गुणस्तर कायम गर्न र दर्ता नियमन कार्यलाई व्यवस्थित गर्न प्रदेश सरकारले आवश्यक व्यवस्था मिलाउनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

२०. **<u>दानाको नियमनः</u>** प्रदेशभित्र उत्पादन र बिक्री वितरण हुने दानाको परीक्षण गरी दाना उद्योगको दर्ता अनुमतिपत्र प्रदान गर्न र दानाको गुणस्तर सम्बन्धी मापदण्ड तयार गरी लागू गर्ने सम्बन्धमा प्रदेश सरकारले आवश्यक व्यवस्था मिलाउनेछ।

## परिच्छेद- ५

## <u>प्रदेश खाद्य परिषद्को गठन, काम, कर्तव्य र अधिकार</u>

२१. **<u>परिषद्को गठनः</u>** (१) नागरिकको खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता सम्बन्धी अधिकारको संरक्षण, प्रवर्धन तथा परिपूर्ति सम्बन्धी कार्यलाई व्यवस्थित गर्न देहाय बमोजिम एक प्रदेश खाद्य परिषद् रहनेछः-

(क) मन्त्री, मन्त्रालय -अध्यक्ष

(ख) सदस्य (कृषि सम्बन्धी विषय हेर्ने), प्रदेश नीति तथा योजना आयोग -सदस्य

(ग) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(घ) सचिव, मन्त्रालय -सदस्य

(ङ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(च) प्रमुख, खाद्य प्रविधि तथा गुण नियन्त्रण, प्रादेशिक कार्यालय -सदस्य

(छ) प्रतिनिधि, राष्ट्रिय कृषक समूह महासंघ (बागमती प्रदेश) -सदस्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ज) प्रतिनिधि, राष्ट्रिय किसान महासंघ (बागमती प्रदेश) -सदस्य

(झ) खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताको क्षेत्रमा कार्यरत, सम्बन्धित विषयमा स्नातकोत्तर गरेको एक महिला सहित मन्त्रालयले मनोनयन गरेको दुई जना विज्ञ -सदस्य

(ञ) महाशाखा प्रमुख, मन्त्रालय -सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (झ) बमोजिमका मनोनीत सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ।

(३) समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रको विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) विशेष परिस्थितिमा बाहेक वर्षमा कम्तीमा चार पटक परिषद्को बैठक बस्नेछ।

(५) परिषद्को गणकपुरक सङ्ख्या एकाउन्न प्रतिशत हुनेछ र बैठकको निर्णय प्रमाणित अध्यक्ष र सदस्य सचिवले गर्नेछ।

(६) परिषद्को कार्यालय मन्त्रालयमा हुनेछ।

(७) उपदफा (१) को खण्ड (झ) बमोजिमको सदस्यले प्राप्त गर्ने सेवा सुविधा तोकिए बमोजिम हुनेछ र निजको योग्यता देहाय बमोजिम हुनेछः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(क) नेपाली नागरिक भएको,

(ख) पैँतिस वर्ष उमेर पुरा भएको,

(ग) सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त भएको।

(८) उपदफा (१) को खण्ड (झ) बमोजिम मनोनित हुने सदस्य देहायको अवस्थामा पदमुक्त हुनेछः

(क) निजले राजिनामा दिएमा,

(ख) निजको मृत्यु भएमा,

(ग) फौजदारी कसुर ठहर भएमा,

(घ) नेपाली नागरिक नरहेमा,

(ङ) मन्त्रालयले पदमुक्त गरेमा।

(९) तर उपदफा (८) को खण्ड (ङ) बमोजिम पदमुक्त गर्नु अघि निजलाई मनासिब सफाईको मौका दिनु पर्नेछ।

२२. <u>**परिषद्को काम, कर्तव्य र अधिकारः**</u> परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशको समग्र खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्न अङ्गीकार गर्नु पर्ने नीति तथा योजनाका सम्बन्धमा प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ख) प्रदेश सरकारबाट स्वीकृत नीतिको अधीनमा रही अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न सहजीकरण गर्ने,

(ग) प्रदेशभित्र खाद्य तथा पोषण असुरक्षाको जोखिममा रहेका व्यक्ति, परिवार, समुदाय र क्षेत्रको पहिचान गरी एकीकृत र अद्यावधिक अभिलेख राखी उल्लिखित खाद्य तथा पोषणबाट हुने जोखिमबाट बचाउन मार्गदर्शन प्रदान गर्ने,

(घ) प्राकृतिक प्रकोप एवं अन्य विपदका कारणले प्रदेशभित्रको कुनै क्षेत्रमा खाद्य सङ्कट उत्पन्न भएमा त्यस्तो क्षेत्रलाई निश्चित अवधिका लागि नेपाल सरकारबाट खाद्य सङ्कटग्रस्त क्षेत्र घोषणा गर्न प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ङ) खाद्य सङ्कटग्रस्त क्षेत्रमा आवश्यक पर्ने खाद्य तथा पोषण सुरक्षाको प्रबन्ध सम्बन्धी आवश्यक सुझाव र निर्देशन दिने,

(च) विपद्को समयमा प्रभावित व्यक्ति र परिवार एवं खाद्य तथा पोषण असुरक्षाको जोखिममा रहेका अन्य समुदाय र क्षेत्रमा प्रदान गरिने खाद्य सहायता सम्बन्धी मापदण्ड तयार गरी स्वीकृतिको लागि प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(छ) प्रदेशस्तरमा आपतकालीन खाद्य तथा पोषण सहायता उपलब्ध गराउन खाद्य भण्डारण सुविधाको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

स्थापना तथा विस्तार गरी खाद्यको सञ्चिति, खाद्यको वितरण प्रणालीको व्यवस्था मिलाउने,

(ज) प्राकृतिक प्रकोप तथा अन्य विपदको समयमा र स्थानमा खाद्य तथा पोषण सुरक्षा सम्बद्ध सरकारी, गैर सरकारी एवं निजी क्षेत्रका निकायहरूमा उपलब्ध साधन, स्रोत र जनशक्तिको समन्वयात्मक परिचालन सम्बन्धी कार्य योजना बनाई कार्यान्वयनको लागि सिफारिस गर्ने,

(झ) प्रदेशको समग्र खाद्य तथा पोषण सुरक्षा सुनिश्चितता सम्बन्धमा राष्ट्रिय तहको राष्ट्रिय खाद्य परिषद् र स्थानीय तहको स्थानीय खाद्य समन्वय समितिहरूसँग समन्वय, सहकार्य र आवश्यकता अनुसार सहजीकरण गर्ने,

(ञ) प्रदेशको खाद्य तथा पोषण सुरक्षा सम्बन्धमा आवश्यक अध्ययन, अनुसन्धान गर्ने, गराउने,

(ट) खाद्य अधिकार तथा खाद्य सम्प्रभुता अधिकारको सुनिश्चितताको नियमित अनुगमन गर्ने तथा सो सम्बन्धी नीति, योजना तथा कार्यक्रम कार्यान्वयनको प्रगति मापन गर्ने,

(ठ) प्रदेशको समग्र खाद्य तथा पोषण सुरक्षा सुनिश्चितता सम्बन्धी विषयमा प्रदेश सरकारलाई राय सुझाव दिने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ड) प्रदेश सरकारले तोके बमोजिम अन्य आवश्यक कार्य गर्ने,

(ढ) बाहिरबाट आउने बीउ, विजन र विषादी अनुगमन, नियन्त्रण गर्ने, गराउने,

(ण) खाद्य आयात प्रतिस्थापन गर्ने।

२३. **प्रदेश खाद्य सूचना केन्द्र स्थापनाः** (१) खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता सम्बन्धी सूचना सङ्कलन तथा विश्लेषण गर्न सूचना प्रवाहलाई प्रभावकारी बनाउन मन्त्रालयमा एक प्रदेश खाद्य सूचना केन्द्र रहनेछ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको प्रदेश खाद्य सूचना केन्द्रको गठन, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ६
## विविध

२४. **प्रदेश कृषि परिषद्ः** (१) प्रदेशको कृषि विकास गर्न कृषि अनुसन्धानका लागि एक प्रदेश कृषि परिषद्को गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको परिषद्ले नेपाल सरकार अन्तर्गतको कृषि अनुसन्धानको विषय हेर्ने निकायसँगको समन्वय र सहकार्यमा यो ऐन तथा यस ऐन अन्तर्गतको नियमावली बमोजिमका कार्यसम्पादन गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(३) यस दफा बमोजिम गठन हुने परिषद्ले कृषि प्राविधिकलाई नियमन गर्ने कार्य समेत गर्नेछ र परिषद्को संरचना तथा अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

२५. <u>**तीन तहबीच समन्वयः**</u> कृषि क्षेत्रको समग्र विकासको लागि संघ, अन्य प्रदेश र प्रदेशभित्र रहेका स्थानीय तहहरूसँग मन्त्रालयले आवश्यक समन्वय र सहकार्य गर्न सक्नेछ।

२६. <u>**एकद्वार प्रणालीः**</u> (१) प्रदेशभित्र कार्यक्षेत्र रहेका गैर सरकारी संस्थाले कृषि व्यवसाय र बजारीकरण सम्बन्धी कार्य गर्दा मन्त्रालयको स्वीकृति लिएर मात्र कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्दा एकद्वार प्रणाली अवलम्बन गर्ने व्यवस्था तोकिए बमोजिम हुनेछ।

२७. <u>**सजायः**</u> (१) दफा १४ र १५ बमोजिम कार्यालयबाट प्रदान गरिने सेवा टेवा र बीउ पूँजी वापतको रकम जुन प्रयोजनको लागि प्रदान गरिएको हो सोही बमोजिम खर्च नगरेमा वा त्यस्तो रकम जुनसुकै तरिकाले दुरुपयोग गरेमा कार्यालयले उक्त रकम असुल उपर गरी बिगो बराबरको जरिवाना समेत गरिनेछ।

(२) उपदफा (१) बमोजिमको जरिबाना गर्नु अघि आरोपित लाभग्राहीलाई सफाइको लागि मनासिब माफिकको मौका दिनु पर्नेछ।

(३) लाभग्राहीले उपदफा (१) बमोजिमको जरिबाना रकम नतिरेमा सरकारी बाँकी रकम सरह असुल उपर गरिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(४) उपदफा (१) बमोजिमको जरिबाना भएको अवस्थामा त्यस्तो लाभग्राहीलाई पाँच वर्षसम्म कृषि सेवा टेवा उपलब्ध गराइने छैन।

(५) यस दफा बमोजिमको सजाय सम्बन्धित कार्यालयको प्रमुखले गर्नेछ।

२८. **रोक्का राख्ने:** कृषि सेवा टेवा लिने लाभग्राहीले रकम दुरुपयोग गरेमा दफा २७ बमोजिमको रकम असूल उपर गर्ने प्रयोजनका लागि निजको कारोबार, सम्पत्ति तथा बैङ्क खाता रोक्का राख्न सम्बन्धित कार्यालयको सिफारिसमा मन्त्रालयले सम्बन्धित निकायलाई लेखी पठाउन सक्नेछ।

२९. **पुनरावेदन गर्न सक्ने:** दफा २७ बमोजिमको जरिबाना गर्ने अधिकारीले गरेको जरिबाना लाभग्राहीलाई चित्त नबुझेमा जरिवाना भएको मितिले पैंतिस दिनभित्र एक तह माथिको पदाधिकारी समक्ष पुनरावेदन गर्न सकिनेछ।

३०. **अनुगमन गर्ने:** मन्त्रालयबाट भएको काम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट र कार्यालयबाट सञ्चालित कामको अनुगमन मन्त्रालयबाट गरिनेछ।

३१. **अनुसूची हेरफेर:** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ।

३२. **नियम बनाउने अधिकार:** यस ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

३३.	**<u>मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्ने:</u>** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार मापदण्ड निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची- १

(दफा ४ सँग सम्बन्धित)

**<u>सञ्चालन गर्न सकिने कृषि व्यवसायहरू</u>**

१. खाद्यान्न बाली
२. बागवानी जन्यः फलफूल, तरकारी, कन्दमूल, मसला बाली, पुष्प
३. पशुपन्छी तथा मत्स्य
४. माछा, मासु, दुध, फुल, हाड, छाला, ऊन
५. च्याउ
६. मौरी, रेशम
७. चिया, कफि, अलैची, सुपारी, घाँसेबाली
८. तेलहन, दलहन
९. कपास, जुट, उखु, रबर खेती
१०. कृषि पर्यटन
११. कृषि तथा पशुपन्छीजन्य उत्पादनको प्रशोधन उद्योग
१२. कृषि तथा पशुपन्छीजन्य उत्पादन सामाग्री(दाना, मलखाद, विषादी, औषधि) आदिको उत्पादन उद्योग
१३. खेती प्रणालीमा समाविष्ट कृषि तथा पशुपन्छीजन्य वस्तुहरू
१४. प्रचलित कानुनले निषेध गरेको बाहेकको अन्य कृषि व्यवसाय।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची- २

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**कृषि व्यवसाय वा संस्थाले अनुमतिपत्र लिनु पर्ने निकायहरू**

| सि.नं. | कार्यक्षेत्र | अनुमति दिने निकाय |
|---|---|---|
| १. | एक जिल्लामा मात्र भएमा | सम्बन्धित जिल्ला कार्यक्षेत्र भएका ज्ञान केन्द्र वा विज्ञ केन्द्र |
| २. | एकभन्दा बढी जिल्ला भएमा | निर्देशनालय |
| ३. | प्रदेशभर भएमा | मन्त्रालय |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची- ३

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**सञ्चालन गर्न सकिने कृषि व्यवसायको दर्ता दस्तुर र नवीकरण**

| क्र.सं | वार्षिक कारोबार(मेट्रिक टन) | वार्षिक दस्तुर र नवीकरण (रू.) | नवीकरण(म्याद नाघेको ३५ दिन पछि) जरिबाना (रू.) |
|---|---|---|---|
| १. | १००० वा सोभन्दा कम | २०००।- | ५००।- |
| २. | १००० भन्दा बढी | ४०००।- | १०००।- |

**द्रष्टव्यः** माथि अनुसूची- ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालन गरिने कृषि व्यवसायहरूको वार्षिक कारोबार मेट्रिक टनमा गणना गर्न नसकिने अवस्था रहेकोमा त्यस्तो कृषि व्यवसायको हकमा वार्षिक दर्ता दस्तुर तथा नवीकरण रू. २०००।- र नवीकरण गर्दा म्याद नाघेको पैंतिस दिनपछि रू.५००।- जरिबाना लाग्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश